** **सिटी अफ समरभिल**

कलाकारका लागि खुल्ला आह्वान
आफ्नो अधिकारको बारेमा सचेत हुनुहोस् अभियान — सार्वजनिक कला तथा जनसम्पर्क पहल**

> **आवेदन दिने अन्तिम मिति:** अप्रिल १२, २०२६
> **परियोजना सुरु हुने मिति:** जुन २०२६ (आप्रवासी सम्पदा महिना)
> **कलाकारको पारिश्रमिक:** $४,०००

**सारांश**

सिटी अफ समरभिलले समरभिल आप्रवासी मामिला कार्यालय (SOIA) तथा तोकिएको एउटा समीक्षा समितिको सहकार्यमा, आप्रवासी पृष्ठभूमि भएका कलाकारहरूलाई २०२६ को **आफ्नो अधिकारको बारेमा सचेत हुनुहोस्** अभियानको केन्द्रबिन्दु बन्ने जीवन्त, उत्साहपूर्ण र समरभिल केन्द्रित कलाकृतिका लागि प्रस्ताव पेस गर्न आमन्त्रण गर्दछ।

छानिएको डिजाइनलाई निम्न लगायत विभिन्न सार्वजनिक माध्यमहरूमा रूपान्तरण गरिनेछ:

- **ब्लुबाइक्स् स्टेशनका विज्ञापन प्यानलहरू**
  - पेलिकन बाइ-सर्भिससेज कर्पोरेशन (PBSC) प्यानल: ५७.७५" x ३७.८७५"
  - ठूलो/8D प्यानल: ६७.६९" x ३७.५"
- **बिग बेली ट्र्यास क्यानका विज्ञापन प्यानलहरू**
  - १८”x१३”
- **पोस्टर तथा मुद्रित सामग्रीहरू**
  - ११”x१७”
- **पेपर न्यापकिनहरू** (स्थानीय रेस्टुरेन्ट, क्याफे, सामुदायिक कार्यक्रमहरूमा वितरणका लागि)
  - **६.५” x ६.५”**
- साँझका कार्यक्रमहरू तथा भवनहरूको बाहिरी भागमा **प्रोजेक्ट गरिने दृश्य प्रदर्शनहरू**
  - अनुपातः १६:९ र ४:३

यस परियोजनाको लक्ष्य [समरभिलका आप्रवासी समुदायहरूको]() जीवन्तता, विविधता र सहनशीलतालाई उत्सवको रूपमा प्रस्तुत गर्नुका साथै आफ्नो अधिकारको बारेमा सचेत हुनुहोस् भन्ने अभियानसम्बन्धी जानकारीलाई सहरभरि सहज र देखिने बनाउनु हो।

यो परियोजना समरभिलका विगतका सार्वजनिक कला आह्वानहरूबाट प्रेरित छ जसले सामुदायिक सम्बन्ध, नवीनता र सार्वजनिक पहुँचलाई जोड दिएका थिए (र सहरको स्थानीय तथा सांस्कृतिक रूपमा निहित सिर्जनात्मक अभिव्यक्तिलाई समर्थन गर्ने प्रतिबद्धतालाई निरन्तरता दिन्छ)।

**क-कसले आवेदन दिन सक्छन्?**
हामी निम्न व्यक्तिहरूका आवेदन स्वीकार गर्छौं:

- आप्रवासी पृष्ठभूमि भएका कलाकारहरू (जुनसुकै पुस्ता भए पनि, जुनसुकै उत्पत्ति थलोको भए पनि )

- समरभिलमा बस्ने, काम गर्ने वा यहाँ प्रगाढ सामुदायिक सम्बन्ध भएका कलाकारहरू
- डिजाइनलाई विभिन्न ढाँचामा रूपान्तरण गर्ने क्षमता भएका स्थापित तथा उदीयमान कलाकारहरू
- ग्राफिक डिजाइन, चित्रण, सार्वजनिक कला वा बहु-ढाँचाका दृश्य डिजाइनमा अनुभव भएका कलाकारहरू

**परियोजनाको क्षेत्र**
छानिएका कलाकारले निम्न कार्यहरू गर्नेछन्:

1. सबै अभियान ढाँचाहरूमा प्रयोग गर्न सकिने एक मुख्य **कलाकृति/डिजाइन** तयार पार्ने
2. प्रत्येक आवश्यक आकार र ढाँचा (माथि उल्लिखित) का लागि **लेआउटका विभिन्न संस्करणहरू** तयार पार्ने
3. रातको समयमा प्रदर्शन गर्न मिल्ने **प्रोजेक्टेड-चित्रको संस्करण** तयार पार्ने

मुद्रण, फेब्रिकेसन तथा स्थापना कार्यको व्यवस्थापन सिटीद्वारा गरिनेछ।

**पारिश्रमिक: $४,०००**
छानिएका कलाकारले निम्न कार्यहरू पूरा गर्नुपर्ने अपेक्षा गरिन्छ:
- डिजाइन तयार पार्ने
- समीक्षा समितिसँगको सहकार्यमा बढीमा दुई चरणसम्मको परिमार्जनको तयारीका लागि परियोजना प्रबन्धकसँग आवश्यकताअनुसार संशोधन/कार्यशाला निम्न तरिकाले गर्ने:
    - प्रारम्भिक स्केच - डिजाइनको पहिलो मस्यौदा समितिद्वारा समीक्षा गरिनेछ। प्राप्त सुझावहरू कलाकारलाई दिइनेछ र कलाकारले ती सुझावहरूलाई दोस्रो मस्यौदामा समावेश गर्नेछन्।
    - दोस्रो मस्यौदा – समितिले डिजाइनलाई सबै अपेक्षित ढाँचाहरूमा रूपान्तरण गरिएको हेर्न चाहन्छ (न्यापकिन, ब्लुबाइक्स् का विज्ञापन प्यानलहरू, बिग बेली का ट्र्यास क्यानका विज्ञापन प्यानलहरू, पोस्टर, तथा प्रोजेक्ट गरिने दृश्य प्रदर्शनहरू)। समितिले सबै आकारहरूमा डिजाइन कस्तो देखिन्छ भन्ने आधारमा प्रतिक्रिया दिनेछ।
    - कलाकारले प्राप्त प्रतिक्रिया समावेश गरी अन्तिम डिजाइन तयार पार्नेछन्।
- सबै निर्दिष्ट ढाँचाहरूका लागि निर्णायक कलाकृतिका फाइलहरू तयार गरी बुझाउने

**हामी के चाहन्छौँ**
छनोट समितिले निम्न विशेषता भएका प्रस्तावहरूलाई प्राथमिकता दिनेछ:
- समरभिलका आप्रवासी समुदायहरूको **खुशी, जीवन्तता र विविधता**को उत्सव मनाउने
- सबै उमेर समूहका दर्शकहरूका लागि **सुखद, स्वागतयोग्य र सहज** हुने
- विभिन्न आकार र सामग्रीहरूमा **प्रभावकारी रूपमा रूपान्तरण** गर्न सकिने
- अघिल्ला समरभिलसार्वजनिक कला पहलहरू जस्तै **समुदाय-केन्द्रित मूल्यहरू झल्काउने**
- रङ्ग, दृश्य कथन वा प्रतीकात्मकता प्रयोग गरी **आप्रवासी पहिचान र अधिकारलाई सशक्त बनाउने**
- स्पष्टता वा प्रभाव नघटाई **विभिन्न ढाँचाहरूमा डिजाइन रूपान्तरण गर्न सक्ने क्षमता देखाउने**

- **पूर्ण रूपमा मौलिक** र कुनै पनि व्यावसायिक वा राजनीतिक समर्थन नझल्कने

## आवेदन दिँदा पूरा गर्नुपर्ने मापदण्डहरू

कृपया निम्न जानकारी अनलाइन फारममार्फत पेस गर्नुहोस्:

1. **सम्पर्क विवरण**
   नाम, इमेल, फोन नम्बर, वेबसाइट/पोर्टफोलियो र समरभिलसँगको कुनै सम्बन्ध।
2. **कलाकारको भनाई (अधिकतम 300 शब्द)**
   कलाकारको रूपमा आफ्नो पृष्ठभूमिको वर्णन सहित आप्रवासी पहिचान (साझा गर्न चाहनुहुन्छ भने मात्र) र यस परियोजनामा तपाईंको रुचिको कारण के हो भन्ने उल्लेख गर्नुहोस्।
3. **अवधारणाको विवरण (अधिकतम 300 शब्द)**
   आफ्नो प्रस्तावित कलासम्बन्धी अवधारणा प्रस्तुत गर्नुहोस्।
   यसका विषयवस्तु, रङ्ग, भाव र यसले समरभिलका आप्रवासी अनुभवहरूलाई कसरी प्रस्तुत गर्छ भन्ने वर्णन गर्नुहोस्।
4. **कामका नमूनाहरू (अनिवार्य)**
   अघिल्ला कामका बढीमा ७ वटा तस्बिरहरूको लिङ्क वा थम्बनेलहरू पेस गर्नुहोस् जसले सार्वजनिक कला, चित्रण, डिजाइन वा समुदाय-केन्द्रित परियोजनामा तपाईंको क्षमता देखाउँछ।
5. यस परियोजनाका लागि एउटै दृश्य डिजाइनलाई विभिन्न आकार र शैलीहरूमा रूपान्तरण गर्ने क्षमता आवश्यक छ। कृपया तपाईंमा यस्तो क्षमता भएको पुष्टि गर्नुहोस्। यस प्रकारको काममा तपाईंको अनुभव वर्णन गर्नुहोस्।
6. **रिजुमे वा व्यक्तिगत विवरण (1–2 पृष्ठ)**

## समयरेखा

**अप्रिल १२, २०२६** — आवेदन बुझाउने अन्तिम मिति

- **अप्रिल २४, २०२६** — कलाकार छनोट तथा त्यससम्बन्धी जानकारी
- **मे २४, २०२६** — सबै कामहरू सम्पन्न
- **जुन २०२६ —** अभियान सुरु (आप्रवासी सम्पदा महिना)

## छनोट प्रक्रिया

प्रस्तावहरू समीक्षा समिति तथा सामुदायिक प्रतिनिधिहरूद्वारा मूल्याङ्कन गरिनेछ। मूल्याङ्कनका आधारहरू:

- कलात्मक गुणस्तर र मौलिकता
- आप्रवासीका खुसी र सशक्तीकरणका विषयसँगको सम्बद्धता
- विभिन्न खाले अभियानका ढाँचाहरूमा डिजाइन रूपान्तरण गर्ने क्षमता
- समरभिलसँगको सम्बन्ध
- अवधारणामा स्पष्टता र दख्खल

## आवेदन गर्ने तरिका

सबै आवश्यक सामग्रीहरू अनलाइन फारममार्फत पेस गर्नुहोस्।

प्रश्नहरू भएमा कृपया निम्नमा सम्पर्क गर्नुहोस्:
करिम रज्जाज (Karim Razzaz)
बहुभाषिक सार्वजनिक सूचना संयोजक
**समरभिल आप्रवासी मामिला कार्यालय**
soia@somervillema.gov • ६१७-६६६-३३११